# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७६) काठमाडौं, साउन ७ गते, २०८३ साल (संख्या २३

## भाग ३

### नेपाल सरकार

### कृषि, वन तथा पर्यावरण मन्त्रालय

**संवत् २०८३ सालको नियमावली (नेराप) नम्बर २८**

**बीउ बिजन (पहिलो संशोधन) नियमावली, २०८३**

बीउ बिजन नियमावली, २०८१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

बीउ बिजन ऐन, २०४५ को दफा २४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "बीउ बिजन (पहिलो संशोधन) नियमावली, २०८३" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. **बीउ बिजन नियमावली, २०८१ को नियम १३ मा संशोधन** : बीउ बिजन नियमावली, २०८१ (यस पछि "मूल नियमावली" भनिएको) को नियम १३ को उपनियम (१) को खण्ड (च) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर माथिल्लो स्तरको बीउ बिजन आयात गरी सोबाट नेपालमा नै बीउ बिजन उत्पादन गर्दा स्रोत बीउ बिजनको स्तर आयात गरिएको बीउ बिजनको स्तर सरह कायम हुनेछ।"

३. **मूल नियमावलीको नियम १८ मा संशोधन** : मूल नियमावलीको नियम १८ को,-

(१) उपनियम (१) पछि देहायको उपनियम (१क) थपिएको छ :-

"(१क) उपनियम (१) को खण्ड (ख) बमोजिमको अवस्था परेमा कार्यालयले बीउ बिजन बिक्री वितरणको अनुमतिपत्र खारेजीको निर्णय गर्नेछ।"

(२) उपनियम (२) मा रहेका "उपनियम (१) बमोजिमको" भन्ने शब्दहरुको सट्टा "उपनियम (१) को खण्ड (क) र (ग) बमोजिमको" भन्ने शब्दहरु राखिएका छन् ।

(३) उपनियम (५) पछि देहायको उपनियम (५क) थपिएको छ :-

"(५क) उपनियम (१क) वा (४) बमोजिम अनुमतिपत्र खारेज गरेकोमा सोको जानकारी केन्द्रलाई दिनु पर्नेछ।"

(४) उपनियम (६) मा देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"तर उपनियम (१क) बमोजिम अनुमतिपत्र खारेज भएमा नियम १६ को प्रक्रिया पूरा गरी त्यस्तो खारेजी लगत्तै पछि पुनः अनुमतिपत्र लिन बाधा पर्ने छैन।"

४. **<u>रुपान्तर</u>** : मूल नियमावलीको ठाउँ ठाउँमा रहेका "कृषि तथा पशुपन्छी विकास मन्त्रालय" भन्ने शब्दहरुको सट्टा "कृषि, वन तथा पर्यावरण मन्त्रालय" भन्ने शब्दहरु राखी रुपान्तर गरिएको छ।

**आज्ञाले,**
**डा. राजेन्द्र प्रसाद मिश्र**
**नेपाल सरकारको सचिव।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।